प्रमाणित प्रतिलिपी

## मिति २०८३/३/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।

२. बिनियोजन विधेयक, २०८३ सम्बन्धमा ।

३. आ.व. २०८३/०८४ को बजेट सम्बन्धमा।

४. मध्यमकालिन खर्च संरचना सम्बन्धमा ।

५ चालु आ.व.को पाइप खरिद योजनाको दायित्व सार्ने सम्बन्धमा ।

६. कर्मचारीहरुको तलव भत्ता सम्बन्धमा ।

७. वडा पुनः संरचना सम्बन्धमा ।

८. जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

९. नगर स्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

१०. आपचौर लिफ्ट खा.पा.मर्मत सम्बन्धमा ।

११. राहत उपलब्ध गराउने सम्बन्धमा ।

१२. ठाडा प्रा.स्वा.के.मा कार्यरत डाक्टरको छुटेको थप सुविधा सम्बन्धमा ।

१३. वडा गौरवका सडक परिवर्तन सम्बन्धमा ।

१४. जग्गाको न्यूनतम मुल्याङ्न सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक विधेयक, २०८३ नगरसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको बिनियोजन विधेयक, २०८३ नगरसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को योजना, कार्यक्रम र बजेट निर्माणको सन्दर्भमा बजेट तर्जुमा समितिबाट प्राथमिकीकरण भइ पेश भएका योजना तथा कार्यक्रमहरुलाई सोही प्राथमिकीकरण अनुसार नै योजना, कार्यक्रम र बजेट नगरसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्मको मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपी

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.व.को योजना स्वीकृत भइ विभिन्न खानेपानी तथा सिंचाइ योजना मर्मत सुधारको लागि लाईप खरिद भनि रकम विनियोजन भएकोमा विनियोजित योजना कार्यान्वयनको लागि पाइप खरिद गर्न सार्वजनिक खरिद प्रणाली मार्फत सूचना प्रकाशन गर्दा बजार मुल्य अप्रत्यासित बृद्धि भई कुनै सप्लायर्सले बोलपत्र पेश नगरेकोले तपशिलका योजनाहरु आगामी आ.व.मा कार्यान्वयन गर्ने गरी दायित्व सार्ने गरी नगरसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | आगामी आ.व.मा कार्यान्वयन गर्ने योजना कार्यक्रमको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | विभिन्न योजना मर्मत सुधार पाइप खरिद | शिनपा | ९००००० |
| २ | नगर प्रमुखसँग खा.पा.योजना मर्मत पाइप खरिद | वडा नं. ११, १३ | ३००००० |
| ३ | नगर प्रमुखसँग सिद्धारा बगाले सुनारीपाटा खा.पा.पाइप खरिद | वडा नं. ९ | ३००००० |
| ४ | उप प्रमुखसँग खा.पा.तथा सिंचाइ कार्यक्रम | शिनपा | ३००००० |
| ५ | विभिन्न योजना खानेपानी मर्मत तथा पाइप खरिद | वडा नं. १ | २००००० |
| ६ | घाटाखोला कान्छीगैरा खा.पा. मर्मत | वडा नं. १ | १००००० |
| ७ | भोगटेपानी खा.पा र हनुवा खोला र भुजुङ्गे आटीपाटा सिंचाइ योजना | वडा नं. १ | १००००० |
| ८ | विभिन्न योजना खानेपानी मर्मत पाइप खरिद | वडा नं. ४ | १००००० |
| ९ | खिब्दीखोला सिंचाइ चौतारा माझगाउ खा.पा.पाइप खरिद | वडा नं. ५ | १५०००० |
| १० | मडेलाका रुख देखि दुर्गा मन्दिर खा.पा.मर्मत | वडा नं. ५ | १००००० |
| ११ | बंसारी उपल्ला विस सिमलकारुख दासेखर्क वग्र सिंचाइ मर्मत | वडा नं. ५ | २००००० |
| १२ | जावुने लामिदुवाली सिंचाइ योजना | वडा नं. ५ | १००००० |
| १३ | विभिन्न योजना पाइप खरिद | वडा नं. ६ | १००००० |
| १४ | विभिन्न योजना मर्मत पाइप खरिद | वडा नं. ७ | १००००० |
| १५ | खानेपानी पाइप खरिद हात्तिढुङ्गा | वडा नं. ८ | १००००० |
| १६ | धोद्रे पाइप खरिद | वडा नं. ८ | १००००० |
| १७ | विभिन्न खानेपानी योजना सुधार पाइप खरिद हात्तिढुङ्गा | वडा नं. ८ | २००००० |
| १८ | विभिन्न योजना मर्मत सुधार पाइप खरिद | वडा नं. ९ | १३५००० |
| १९ | विभन्न योजना मर्मत पाइप खरिद | वडा नं. ९ | १००००० |
| २० | सिंचाइ पाइप खरिद | वड नं. १० | १००००० |
| २१ | विभिन्न खानेपानी तथा सिंचाइ योजना मर्मत पाइप खरिद | वडा नं. ११ | ५००००० |
| २२ | खानेपानी पाइप खरिद | वडा नं. १४ | १५०००० |
| | | | ४४३५००० |

प्रमाणित प्रतिलिपी

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघीय सरकारको बजेट वक्तव्यमा राष्ट्र सेवक कर्मचारीहरूले हाल प्राप्त गरिरहेको महँगी भत्तालाई निरन्तरता दिँदै सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि र कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुवात गर्न नयाँ तलबमानको १० प्रतिशत कार्यसम्पादनमा आधारित मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको सन्दर्भमा देहाय बमोजिम गर्ने ।
तपशिल

१. यस नगरपालिकाको कार्यालमा कार्यरत, वडा कार्यालयमा कार्यरत, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु, विद्यालयमा कार्यरत कार्यालय सहयोगी, लेखा कर्मचारीहरु, बालविकास सहजकर्ताहरु र नगरपालिकाले खटाएका कम्पयूटर शिक्षकहरुलाई हाल खाईपाई आएको सुविधाको १० प्रतिशत तलब वृद्वि गर्नको लागि नगर सभामा पेश गर्ने ।
२. यस नगरपालिका र मातहतका निकायमा कार्यरत स्थायी राष्ट्र सेवक कर्मचारीहरुको हकमा संघीय सरकारको तलबमान अनुसार तलब भत्ता बमोजिम हुन नगर सभामा पेश गर्ने ।
३. कार्यालय समयका अतिरिक्त र सार्वजनिक विदाको दिनमा नगरपालिका कार्यालयमा कार्यरत राष्ट्र सेवक कर्मचारी (स्थायी र करार) हरुलाई कार्यसम्पादनमा आधारित सूचक निर्माण गरी अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं . ७ माथि छलफल गर्दा साविक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९७ मिति २०८३/१/३ गतेको पत्रसाथ गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर सम्बन्धमा तयार भएको मस्यौदा मापदण्डलाई समेत आधार मानि यस नगरपालिकाको वडा नं. १, ५,९,११ लाई पुनः संरचना पूर्व रहेको गा.वि.स.को वडाहरु नटुक्रयाई वडा संख्या हेरफेर तथा थपघट गर्ने हिसावले र अर्को सवै नगरपालिका क्षेत्र भित्र आवश्यक्ता अनुसारका वडाहरुमा रहेका टोल वस्तीहरु हालको पायक पर्ने वडामा समावेश गरी वडा सिमा तथा संख्या निर्माण गर्ने प्रयोजनको लागि प्राविधिक प्रतिवेदन तयार गर्न परामर्श दाता नियुक्ति गरि तत्काल कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं . ८ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीको बाट यस नगरपालिकाका विभिन्न योजनाहरु अनुगमन गरी मिति २०८२/१२/४ मा प्राप्त अनुगमन प्रतिवेदन माथि आजको बैठकमा छलफल भयो । प्रतिवेदनमा उल्लेखित यस नगरपालिकाबाट कार्यान्वयन भइ रहेका योजनाहरु समयमै कार्य सम्पन्न गर्ने गरी कार्य गर्न तथा विद्यालय समायोजनका सन्दर्भमा दिइएका सुझावहरुलाई कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपि

**निर्णय नं. ९**

प्रस्ताव नं . ९ माथि छलफल गर्दा अनुगमन समितिका संयोजक एवं नगर उप-प्रमुखबाट पेश भएको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भइ छलफल भयो । प्रतिवेदनमा उल्लेख भएबमोजिम वडा तथा नगर स्तरीय अनुगमन समितिले गरेको सिफारिस बमोजिम भएको भुक्तानी कार्यलाई समर्थन गर्दै थप प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने र अनुगमन समितिले दिएका सुझावहरुलाइ समेत आगामी दिनमा ध्यान दिइ सुधार गर्नु पर्ने विषयमा सुधार गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं . १० माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ८ को आपचौर लिप्ट खानेपानी योजना मर्मत गर्नु पर्ने भएकोले चालु आ.व.को विभिन्न योजना मर्मत कोष शिर्षकमा रहेको रकमबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं . ११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ पोखेडाँडा निवासी अम्बिका वेल्वासेको लैनो भैसी विषालु घास खाई मरेकोले निजलाइ राहत स्वरुप रु २५०००। दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं . १२ माथि छलफल मिति २०८२/१२/६ गतेको नगरकार्यपालिकाको बैठकबाट ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृतलाइ मासिक थप सुविधा दिने गरी निर्णय भएकेमा उक्त अनुसारको थप सुविधा २०८२ साल माघ महिना देखि दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं . १३ माथि छलफल गत विगत आ.व.देखि एक वडा एक गौरवको सडक योजना नामाकरण भई कार्यान्वयन भइ रहेकोमा केही वडाबाट उक्त गौरवका योजनाको नाम परिर्वतन गर्नको लागि माग भई आएकोले तपशिल बमोजिम वडा गौरवका योजनाको नाम परिवर्तन गर्ने निर्णय गरियो ।

तपशिल

| साविकको सडकको नाम | परिवर्तन गरी कायम भएको नाम |
|---|---|
| सुवर्णखाल मैनेरी मन्द्रे मालारानी बग्र सडक शिनपा १ | चौपारी यज्ञमिन स्मृती पार्क मिलनचोक वाणगंगा सडक शिनपा १ |
| कल्लेरी खमारी कलमकोट बोक्सेचौर कानाचौर दमारवेसी सडक शिनपा ६ | ठूलाढुन्ग्रे सानाढुन्ग्रे माझिदमार सडक शिनपा ६ |

**निर्णय नं. १४**

प्रस्ताव नं . १४ माथि छलफल गर्दा भूमि प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०८३/२/२० गतेको पत्रको व्यहोरा उपर छलफल भई मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको साविकको दरलाइ नै आ.व. २०८३/०८४ मा निरन्तरता दिन सिफारिस गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।